# बालबालिका तथा युवाका (3 देखि 21 वर्षका) अभिभावकहरूका लागि विशेष शिक्षा विवाद समाधानको लागि द्रुत मार्गनिर्देशन प्रक्रियाहरू

Kentucky Department of EDUCATION

***यो मार्गनिर्देशनले असक्षमता भएका व्यक्तिहरूको शिक्षा ऐन (Individuals with Disabilities Education Act (IDEA)) को भाग B को प्रक्रियात्मक सुरक्षा उपाय वा संघीय वा राज्य कानुनका आवश्यकताहरू अनुवाद, परिमार्जन वा प्रतिस्थापन गर्दैन। थप जानकारीका लागि अभिभावकहरूले केन्टकी शिक्षा विभाग (Kentucky Department of Education (KY DOE)), विशेष शिक्षा तथा प्रारम्भिक शिक्षा कार्यालय (Office of Special Education and Early Learning (OSEEL)) मा सम्पर्क गर्न सक्नुहुन्छ।***

*यदि असहमति हुन्छ भने, KY DOE ले तल दिइएका विवाद समाधान विकल्पहरू अपनाउनुअघि स्थानीय विशेष शिक्षा निर्देशक (DoSE) लाई सम्पर्क गर्न सुझाव दिन्छ। यसको लक्ष्य भनेको अभिभावक र विद्यालयका कर्मचारीले एकसाथ सहकार्य गरेर बच्चाको शिक्षाबारे निर्णय लिनु रहेको छ। प्रायः अनौपचारिक बैठकबाट समाधान पत्ता लगाउन सकिन्छ जुन कुनै उचित प्रक्रियाद्वारा गरिएको बैठक वा औपचारिक लिखित उजुरीभन्दा छिटो समाधान हुन सक्छ र सकारात्मक सम्बन्ध कायम राख्न पनि मद्दत गर्दछ। स्थानीय DoSE को सम्पर्क जानकारीसहित सबै स्थानीय विद्यालय डिस्ट्रिक्टको विवरण सूची KY DOE Open House webpage मा उपलब्ध छ।*

| प्रक्रियाहरू | मध्यस्थता | औपचारिक लिखित उजुरी | उचित प्रक्रियाद्वारा सुनुवाइ |
|---|---|---|---|
| **प्रक्रियाको तुलना** | मध्यस्थता भनेको स्वैच्छिक र गैर-विरोधी विवाद समाधान प्रक्रिया हो। यस बैठक निष्पक्ष प्रशिक्षित मध्यस्थकर्ताद्वारा सहजीकरण गरिएको हुन्छ र विद्यार्थीको आवश्यकताहरूमा केन्द्रित हुन्छ। अभिभावक र डिस्ट्रिक्ट भेटेर र एकसाथ सहकार्य गरेर विवाद समाधान गरी अन्तिम सम्झौता विकास गर्नुपर्ने हुन्छ।<br><br>विशेष शिक्षा वा सम्बन्धित सेवाहरूबारे अभिभावक र शिक्षकहरूबीच IDEA सम्बन्धी कुनै असहमति भएमा जुनसुकै बेला पनि उपलब्ध हुनेछ। | औपचारिक लिखित उजुरी भनेको विद्यालय डिस्ट्रिक्टले राज्य वा संघीयको विशेष शिक्षा कानुनको आवश्यकता उल्लङ्घन गरेको भनेर आरोप लगाइएको लिखित गुनासो हो।<br>औपचारिक लिखित उजुरी:<br>• आरोपित उल्लङ्घन भएको एक वर्षभित्र OSEEL सँग दायर गर्नुपर्छ; र<br>• असक्षमता भएको विद्यार्थीको अभिभावक वा IDEA ले उल्लङ्घन गरेको हो भनी विश्वास गर्ने कुनै पनि संस्था वा व्यक्तिले दायर गर्न सक्छन्।<br><br>औपचारिक लिखित उजुरीमा निम्न मामिलाहरू सम्बोधन गर्नु हुँदैन:<br>• असक्षमतासम्बन्धी देवानी अधिकारहरूको उल्लङ्घन (धारा 504 वा असक्षमता मामिलाहरू रहेका अमेरिकीहरू);<br>• बाल दुर्व्यवहार वा बेवास्ता भएका दाबीहरू; वा<br>• स्थानीय विद्यालय डिस्ट्रिक्टको एकल अधिकारअन्तर्गत पर्ने शिक्षकको रोजगारी, शिक्षकहरूको असाइनमेन्ट वा विद्यार्थीका असाइनमेन्टहरू जस्ता मामिलाहरू।<br><br>माथि उल्लेख गरिएका मामिलाहरूमा कानुनको उल्लङ्घन भएको कुरा समावेश भए तापनि, औपचारिक लिखित उजुरीले IDEA को उल्लङ्घनहरू मात्र सम्बोधन गर्छ।<br><br>विशिष्ट बच्चा वा बालबालिकालाई प्रणाली व्यापी रूपमा प्रभाव पार्ने समस्याबारे IDEA सँग सम्बन्धित सरोकार भएमा कुनै पनि बेला उपलब्ध हुनेछ। | सुनुवाइ अधिकारीद्वारा अभिभावक वा सार्वजनिक एजेन्सीको (जस्तै, विद्यालय डिस्ट्रिक्ट), जसलाई एकसाथ “पक्षहरू” भनिन्छ, बिच भएको IDEA असहमतिहरू समाधान गर्ने विरोधात्मक प्रक्रिया रहेको छ।<br><br>निम्नलगायतका कुनै पनि विषयमा सुनुवाइको माग गर्न सकिन्छ:<br>• पहिचान;<br>• मूल्याङ्कन;<br>• शैक्षिक स्थान नियोजन तथा सेवाहरू; र<br>• निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा ( Free Appropriate Public Education (FAPE)) को प्रावधान।<br><br>उचित प्रक्रियाको सुनुवाइ लिखितमा अनुरोध गर्नुपर्छ र अभिभावक वा डिस्ट्रिक्टले मामिलाबारे थाहा पाएको वा पाएको हुनु पन मितिबाट तीन (3) वर्षभित्र दायर गर्नुपर्छ।<br><br>सुनुवाइ हुनुअघि, डिस्ट्रिक्टले सुनुवाइसम्म पुगेको विवाद समाधान गर्न सकोस् भन्नका लागि दुवै पक्षबीच समाधानका लागि बैठक बस्नुपर्छ। दुवै पक्ष मध्यस्थताका लागि सहमत भएमा वा यसलाई त्याग्न सहमत भएमा यस बैठक राखिँदैन। |
| **कसले सुरुवात गर्ने** | अभिभावक वा विद्यालय डिस्ट्रिक्टले कुनै पनि बेला मध्यस्थताको लागि अनुरोध गर्न सक्छन्। राज्य शैक्षिक एजेन्सीले यसलाई थप औपचारिक प्रक्रियाको विकल्पको रूपमा पनि सिफारिस गर्न सक्छ। दुवै पक्ष मध्यस्थतामा संलग्न हुन सहमत हुनुपर्छ। | कुनै पनि व्यक्ति वा संस्थाले औपचारिक लिखित उजुरी दायर गर्न सक्छ। | अभिभावक वा विद्यालय डिस्ट्रिक्टले उचित प्रक्रियाको सुनुवाइको अनुरोध दायर गर्न सक्छन्। उक्त उजुरी लिखितमा अनुरोध गर्नुपर्छ र अभिभावक वा डिस्ट्रिक्टले मामिलाबारे थाहा पाएको वा पाएको हुनु पर्ने मितिबाट तीन (3) वर्षभित्र दायर गर्नुपर्छ। |
| **परिणाम वा इच्छित परिणाम** | दुवै पक्षले सहमति जनाएर हस्ताक्षर गरेको, कानुनी रूपमा प्रवर्तनीय, लिखित सम्झौता। | खोजी तथा निष्कर्ष समावेश भएको र अन्तिम निर्णय लिनुको कारणहरूको सूची बनाइएको लिखित निर्णय। बच्चा वा बालबालिकाको उजुरीसँग सम्बन्धित आवश्यकताहरू सम्बोधन गर्न चाहिने कार्यहरू पनि समावेश हुनुपर्छ। | विशेष क्रियाकलापहरू गर्न आदेश दिन सक्ने तथ्य खोजी र कानुनी निष्कर्षसहितको लिखित निर्णय। |
| **प्रक्रिया सम्बन्धी भिन्नताहरू** | मध्यस्थता सम्बन्धी छलफलहरू गोपनीय हुन्छन्।<br><br>सहभागीहरू एकसाथ मिलेर समाधान निकाल्न र परिणाम निर्धारण गर्न काम गर्छन्।<br><br>मध्यस्थताले औपचारिक लिखित उजुरी वा उचित प्रक्रिया सुनुवाइको प्रयोग गर्न सकिने सम्भावना हटाउँदैन। | बच्चासँग सम्बन्धित नभएका लगायत कुनै पनि व्यक्ति वा संस्थाको लागि तयार गरिएको यो एकमात्र विवाद समाधानको विकल्प रहेको छ।<br><br>विशेष गरी बच्चासँग वा प्रणाली व्यापी मामिलाहरूसँग सम्बन्धित सुधारात्मक कार्यहरू अन्तिम निर्णयमा समावेस गरिएको हुनसक्छ। | अभिभावकलाई एउटा औपचारिक सुनुवाइ अभिलेख (लिखित वा विद्युतीय ट्रान्सक्रिप्ट) बनाएर उपलब्ध गराउनुपर्छ।<br><br>उक्त निर्णय राज्य वा संघीय अदालतमा अपील गर्न मिल्छ।<br><br>प्रचलित पक्षले छुट्टै अदालती कार्यवाहीमा वकिलहरूको शुल्क असुल गर्ने प्रयास गर्न सक्छन्। |
| **लाभहरू** | छलफलहरू गोपनीय हुन्छन् – मध्यस्थतामा भनिएको कुरालाई प्रमाणको रूपमा उचित प्रक्रियाको सुनुवाइ वा देवानी मुद्दामा प्रयोग गर्न पाइँदैन।<br><br>अन्य विवाद समाधान गर्ने विकल्पहरूको तुलनामा अलि लचिलो र कम विरोधात्मक विकल्प प्रदान गर्दछ।<br><br>अन्य विकल्पहरूले भन्दा छिटो असहमतिहरूको समाधान गर्न मद्दत गर्न सक्छ। | समयसीमा नबढाउँदासम्म उजुरी प्राप्त भएको 60 पात्रो दिनभित्र लिखित निर्णय जारी गर्नुपर्छ।<br><br>उजुरी दायर गर्न सहयोग चाहिएमा वैकल्पिक फाराम पनि उपलब्ध छ। | उजुरी दायर भएको मितिदेखि निर्णय नहुँदासम्म, तपाईं र विद्यालय डिस्ट्रिक्ट सहमत नभएसम्म बच्चा आफ्नो हालैको शैक्षिक स्थानमा रहन्छ – यसलाई “अनिर्णय” वा “जहाँको त्यही राख्ने” भनिन्छ।<br><br>उक्त निर्णय पक्षहरूबीच कानुनी रूपमा बाध्यकारी रहेको छ।<br><br>निर्णयको अपील नगर्दासम्म निर्णयको पालना गरिएको छ भनी सुनिश्चित गर्नका लागि राज्यको शैक्षिक एजेन्सी जिम्मेवार रहेको छ। |

| प्रक्रियाहरू | मध्यस्थता | औपचारिक लिखित उजुरी | उचित प्रक्रियाद्वारा सुनुवाइ |
|---|---|---|---|
| **ध्यान दिनुपर्ने कुराहरू** | मध्यस्थता स्वैच्छिक हो, त्यसैले अभिभावक र विद्यालय डिस्ट्रिक्ट दुवै सहभागी हुन सहमत हुनुपर्छ।<br><br>समस्याको समाधान निकाल्ने कि सम्झौता सिर्जना गर्ने भन्ने कुरा सहभागीहरूमा निर्भर रहन्छ।<br><br>जटिल अवस्थाहरूमा सम्झौता गर्न विभिन्न मध्यस्थता सत्रको आवश्यकता हुन सक्छ। लिखित सहमति सृजना गर्न सकिन्छ भनेर कुनै ग्यारेण्टी हुँदैन।<br><br>KY DOE को कानुनी सेवा कार्यालयले मध्यस्थताकर्ताहरूलाई नियुक्ति गर्छ। | उजुरी दायर गर्ने व्यक्ति वा संस्थाले आफ्नो उजुरीमा सूचीबद्ध गरिएका समस्याहरूको पक्षमा समर्थन गर्ने तथ्यहरू प्रदान गर्नुपर्छ।<br><br>यस प्रक्रियामा संलग्न व्यक्तिहरूले सहकार्य गरेर विवाद समाधान गर्ने प्रयास गर्नु पर्दैन। मध्यस्थता कुनै पनि समयमा उपलब्ध हुन्छ।<br><br>उजुरीकर्ता, अभिभावक वा स्थानीय शैक्षिक एजेन्सी ( Local Education Agency (LEA)) सँग KY DOE को आयुक्तलाई दिएको उजुरीबाट प्राप्त लिखित निर्णयविरुद्ध अपील गर्न पाउने अधिकार हुने छ। निर्णय पाएको 15 व्यापारिक दिनहरू दिनभित्र यो उजुरी दायर गर्नु पर्ने हुन्छ। अनिर्णित अपीलको बेला पनि, खोजी रिपोर्टमा निर्दिष्ट सुधारात्मक कार्यहरू लागू गर्नका लागि LEA जिम्मेवार रहेको छ। | उक्त निर्णय बच्चाको शिक्षामा संलग्न नभएका सुनुवाइ अधिकारी वा प्रशासनिक कानुनका न्यायाधीशले गर्नुहुन्छ।<br><br>कुनै पक्ष परिणामसँग सहमत नभए तापनि, उक्त निर्णय कानुनी रूपमा बाध्यकारी हुनेछ।<br><br>निर्णयको अपील गरिएको छ भने, अपीलको प्रक्रिया अन्त्य नभएसम्म त्यसको कार्यान्वयन नहुन सक्छ।<br><br>विद्यालय डिस्ट्रिक्टहरूलाई सामान्यतया वकीलहरूले प्रतिनिधित्व गर्छन्। अभिभावकले वकील नियुक्त गरेमा त्यसको खर्च आफैले बेहोर्नुपर्ने हुन्छ। |
| **निर्णय लिने व्यक्ति** | सहभागीहरू एकसाथ मिलेर समाधान निकाल्नका लागि काम गर्छन् र परिणाम सहभागीहरूको नियन्त्रणमा रहन्छ। | आवश्यक परेमा, अनुसन्धान गरिएको छ र उजुरीबारे निर्णय गरिएको छ भनी सुनिश्चित गर्न राज्य शिक्षा एजेन्सी जिम्मेवार रहेको छ। | सुनुवाइ अधिकारी वा प्रशासनिक कानुनका न्यायाधीशले निर्णय गर्नुहुन्छ।<br><br>केन्टकीमा, कुनै पनि पक्षले असाधारण बालबालिका अपील बोर्ड (Exceptional Children Appeals Board (ECAB)) मा उचित प्रक्रियाको नतिजाको अपील गर्ने अनुरोध गर्न सक्छन्। सुनुवाइ अधिकारीले निर्णय सुनाएको मितिदेखि 30 पात्रो दिनभित्र अपील अनुरोध गर्नुपर्छ [707 KAR 1:340, Section 13 (1)]। |
| **तेस्रो पक्षको भूमिका** | एकमध्यस्थकर्ताले सामान्यतया:<br>• सहभागीहरूलाई सो सत्रका लागि आधारभूत नियमहरू बनाउन मद्दत गर्छन्;<br>• सुरक्षित वातावरणको सृजना गर्न र सहभागीहरूलाई एक-अर्काको विचारको सम्मान गर्न प्रोत्साहन गर्छन्;<br>• सुनेर, इच्छाहरू बुझेर र सरोकारहरू स्पष्ट पारेर छलफललाई निर्देशन दिन्छन्;<br>• निर्णयहरू लिँदैनन्; र<br>• विशेष शिक्षा र सम्बन्धित सेवाहरू सम्बन्धी कानुनबारे ज्ञान हुन्छ। | एक अनुसन्धानकर्ताले:<br>• उजुरीसँग सम्बन्धित जानकारी समीक्षा गर्छन्;<br>• उजुरीसँग सम्बन्धित मानिसहरूसँग अन्तर्वार्ता लिन वा भेट्न सक्छन्; र<br>• लागूयोग्य कानुनका आधारमा खोजी गरेर निर्धारण गर्छन्। | सम्बन्धित सुनुवाइ अधिकारी वा प्रशासनिक कानुनका न्यायाधीशले:<br>• पूर्व-सुनुवाइसम्बन्धी सबै क्रियाकलापहरू लगायत सुनुवाइ समयरेखाको निरीक्षण गर्छन्;<br>• सुनुवाइ संचालन गर्छन् र प्रक्रियात्मक मामिलाहरू व्यवस्थित गर्छन्;<br>• सुनुवाइमा प्रस्तुत प्रमाण र बयानका आधारमा लागूयोग्य कानुन प्रयोग गरेर निर्णय लेख्छन्; र<br>• सुनुवाइअघि मामिलाहरू समाधान भएमा उजुरी रद्द गर्न सक्छन्। |
| **समय सीमा** | उचित प्रक्रियाको उजुरी/सुनुवाइ अनुरोध वा औपचारिक लिखित उजुरी दायर गरिसकेको भए तापनि कुनै पनि बेला उपलब्ध हुन्छ।<br><br>समयोचित रूपमा समय निर्धारित गर्नुपर्छ। | IDEA अन्तर्गत, व्यक्तिले समस्याबारे थाहा पाएको वा थाहा हुनु पर्ने समयदेखि 1 वर्षभित्र औपचारिक लिखित उजुरी दायर गर्नुपर्छ।<br><br>समयसीमा नबढाउँदासम्म उजुरी प्राप्त भएको 60 पात्रो दिनभित्र लिखित निर्णय जारी गर्नुपर्छ। | केन्टकीमा, पक्षलाई समस्याबारे थाहा भएको वा थाहा हुनु पर्ने मितिदेखि 3 वर्षभित्र उचित प्रक्रियाको सुनुवाइ लिखितमा अनुरोध गरेर दायर गर्नुपर्छ। (KRS 157.224)।<br><br>पक्षले समयसीमा बढाउन अनुरोध नगरेसम्म समाधान अवधि समाप्त भएको मितिदेखि 45 पात्रोदिनभित्र लिखित निर्णय जारी गर्नुपर्छ। |
| **आर्थिक खर्च/ कसले तिर्ने** | अभिभावकलाई कुनै खर्च लाग्दैन – मध्यस्थकर्ता र सुविधाहरू सार्वजनिक खर्चमा उपलब्ध गराइन्छ। | उजुरीकर्तालाई कुनै खर्च लाग्दैन – अनुसन्धान र निर्णय सार्वजनिक खर्चमा उपलब्ध गराइन्छ। | सुनुवाइ, सुनुवाइ अधिकारी वा प्रशासनिक कानुनका न्यायाधीश, सुविधाहरू र निर्णय सबै सार्वजनिक खर्चमा उपलब्ध गराइन्छ।<br><br>प्रत्येक पक्षले आफ्नो खर्च आफै तिर्छन् जसमा वकीलहरूको शूल्क र साक्षीहरू समावेश भएको हुनसक्छ। |
| **सम्बन्धमा प्रभाव** | मध्यस्थकर्ताले सहभागीहरूलाई समस्या अझ प्रभावकारी ढङ्गले समाधान गर्न मद्दत गर्न सक्छन्।<br><br>सफल मध्यस्थताले संलग्न पक्षहरूबीच राम्रो सम्बन्ध कायम राख्न वा विद्यालय र परिवारबीचको सम्बन्ध सुधार्न मद्दत गर्न सक्छ। | यो प्रक्रिया सम्बन्धहरूमा केन्द्रित छैन। | उचित प्रक्रियालाई सबैभन्दा उचित विरोधात्मक विवाद समाधान प्रक्रिया मानिन्छ। |
| **कसरी तयारी गर्ने**<br><br>***थप स्रोतहरू CADRE Websiteमा उपलब्ध छन्*** | निम्न कार्य गर्न उपयोगी हुन सक्छ:<br>• मध्यस्थताको बेलामा समस्याहरू पहिचान गरी छलफल गर्न।<br>• बच्चाका आवश्यकताहरू र सोध्नु पर्ने प्रश्नहरूको सूची बनाउन।<br>• अरूले सोध्न सक्ने प्रश्नहरूबारे सोचेर सम्भावित जवाफहरू लेख्न।<br>• कागजातहरू व्यवस्थित गर्न, मिति र नोटहरू राख्न र थप प्रतिलिपिहरू ल्याउन।<br>• अरूलाई व्याख्या गर्न वा जानकारी गराउन उपयोगी हुने सामग्रीहरू ल्याउन।<br>• अरूको उपायहरू साथै सम्भावित समाधानहरू राम्रोसँग सुनेर विचार गर्न इच्छुक हुन।<br>• बैठकको बेलामा भावनाहरूको सामना कसरी गर्ने भन्ने बारेमा पहिले नै योजना बनाउन। | उजुरीकर्ताले:<br>• उजुरी दायर गर्दा पहिचान गरिएका समस्याहरूलाई समर्थन गर्ने जानकारी समावेश गर्नुपर्छ।<br>• केन्टकीका आवश्यकताहरूको पालना गरेर उजुरी दायर गर्नुपर्छ। (707 KAR 1:340, Section 8)<br>• विद्यालय डिस्ट्रिक्टलाई उजुरीको एउटा प्रतिलिपि दिनुपर्छ।<br>• उजुरीबारे थप जानकारीको लागि गरिएका सारा अनुरोधहरूलाई समयोचित रूपमा जवाफ दिनुपर्छ।<br>• उजुरीप्रति विद्यालय डिस्ट्रिक्टले दिएको प्रतिक्रियाको समीक्षा गर्नुपर्छ र उपयुक्त भएमा, केन्टकीको मार्गदर्शनअनुसार थप जानकारी प्रदान गर्नुपर्छ। | पर्याप्त रूपमा मुद्दा प्रस्तुत गर्नका लागि पर्याप्त तयारी चाहिन्छ।<br>दुवै पक्षले सुनुवाइका लागि निम्न कुराको तयारी गर्नुपर्छ:<br>• प्रमाण जुटाएर पेश गर्नुपर्छ।<br>• बयान, साक्षीहरूको सूची र सुनुवाइसम्बन्धी अन्य कागजात तयार पार्नुपर्छ।<br>• साक्षीहरूलाई प्रश्नहरू सोध्नुपर्छ  र प्रति-परीक्षण गर्नुपर्छ।<br><br>वकील नियुक्त गर्ने कि परामर्श लिने भनेर पक्षले नै छनोट गर्नुपर्छ। वकीलले प्रतिनिधित्व नगरेको व्यक्तिलाई “*प्रो से*” उपस्थित व्यक्तिको रुपमा सम्बोधन गर्न सकिन्छ। यो एउटा ल्याटिन शब्द हो जसको अर्थ व्यक्तिले कानुनी कार्यवाहीमा आफ्नो तर्फबाट आफै प्रतिनिधित्व गर्छन्। |

माथिको सामग्री असक्षमता भएका IDEA अन्तर्गत असक्षमता भएका विद्यार्थीहरूका लागि प्रक्रियात्मक सुरक्षाका साथ काम गर्न बनाइएको गैर-नियामक मार्गदर्शन हो। प्रस्तुत गरिएका विशिष्ट तथ्यहरूको सन्दर्भमा लागू हुने वैधानिक वा नियामक आवश्यकताहरूको व्याख्याको प्रतिनिधित्व गर्न अनौपचारिक मार्गदर्शनका रूपमा प्रयोग गरिन्छ र कानुनी रूपमा बाध्यकारी छैन।

CADRE (2015) बाट अनुकूलन गरिएको। CADRE*बालबालिका तथा युवाका (3 देखि 21 वर्षका)* अभिभावकहरूका लागि विशेष शिक्षा विवाद समाधानको लागि द्रुत मार्गनिर्देशन प्रक्रियाहरू, Eugene, Oregon, CADRE। प्रकाशन मिति: जनवरी 2015